अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ संख्या:१९ कार्यपालिका स्वीकृत मिति:२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

# माटो सुधार शिविर संचालन कार्यविधि,२०८२

पृष्ठभूमी :

स्थानिय बालीवस्तुहरुको लागि माटोको अनुकूलताको परिक्षण गरि माटोमा रहेका खाद्य तत्वहरु, अम्लिय तथा क्षारियपना, प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न स्थलगत रुपमा कृषकहरुको खेतवारीको माटो परिक्षण सेवा उपलब्ध गराउन आवश्यक देखेर बर्दिवास नगरपालिकाको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप वार्षिक कार्यक्रममा स्वीकृत विभिन्न स्थानहरुमा माटो परिक्षण शिविर संचालन / माटो सुधार सेवा कार्यक्रम कार्यान्वयनका लागि बर्दिवास नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "माटो सुधार शिविर संचालन कार्यविधि,२०८२" रहेको छ ।
(ख) यो कार्यविधि बर्दिवास नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) "नगरपालिका" भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्नेछ ।
(ख) "कार्यालय" भन्नाले बर्दिवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।
(ग) "शाखा" भन्नाले बर्दिवास नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

**३) उद्देश्य :**

क) माटोको उर्वराशक्ति व्यवस्थापन, बिरुवाको विकास र वृद्धिमा सुधार ल्याई कृषि उत्पादकत्वमा वृद्धि गर्नु ।
ख) स्थलगत रुपमा माटो विश्लेषण गरी व्यवस्थापन सम्बन्धि प्रविधि सिफारिस गर्नु ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन विधि तथा प्रकृया

४) **क्रियाकलाप:** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिने छ ।
(क) माटो परिक्षण शिविर सम्बन्धी प्रचार प्रसार,
(ख) क्षमता विकास कार्यक्रम,
(ग) माटो परिक्षण
(घ) शिविरमा आवश्यक पर्न सक्ने औजारहरुको खरिद
(ङ) कृषि चुन तथा विरुवालाई आवश्यक पर्ने सूक्ष्म तत्वहरु वितरण
**५) विधि :** माटो परिक्षण शिविर सञ्चालन गर्न देहाय बमोजिमको विधिहरु अवलम्बन गर्न सकिनेछ ।
(क) मोबाइल भ्यान घुम्ती शिविर : मोबाईल भ्यानको प्रयोग गरी शिविर सञ्चालन गरिनेछ ।
(ख) किटबक्समा माटो शिविर : किटबक्सको सहायताले माटो शिविर सञ्चालन गरिनेछ ।
६) **प्रक्रिया :** माटो परिक्षण शिवरका कार्यत्रमहरु देहाय बमोजिम गरिनेछ :
क) वडा कार्यालयसंगको समन्वयमा टोल टोलमा कृषकहरुको भेला बोलाइनेछ ,
ख) कृषकहरुलाई नमूना संकलन तथा माटो व्यवस्थापन सम्बन्धी तालिम दिइनेछ ,
ग) माटो परिक्षण गरिनेछ ,
घ) परीक्षणको आधारमा कृषि चुन तथा विभिन्न तत्वहरु वितरण गरिनेछ ।
**७. समन्वय :**
१) यस कार्यक्रमको लागि माटो तथा मल परिक्षण प्रयोगशाला संग समन्वय गर्न सकिनेछ ।
२) माटो तथा मल परिक्षण प्रयोगशालाले आवश्यक रसायन, उपकरण र प्राविधिक सेवा उपलब्ध गराउन सक्नेछ ।
**८. आर्थिक पक्ष :** माटो शिविर कार्यक्रम सञ्चालनको खर्च देहाय बमोजिम हुनेछ ।
(क) मोबाईल भ्यान घुम्ती शिविर संचालन :

| क.सं | कार्यक्रम / क्रियाकलाप विवरण | जम्मा |
|---|---|---|
| १. | रसायन खरिद तथा तयारी | खर्च इस्टिमेट अनुसार |
| २. | ईन्धन खर्च | खर्च इस्टिमेट अनुसार |
| ३. | प्रतिवेदन तयार | खर्च इस्टिमेट अनुसार |
| ४. | प्राविधिक दैनिक भ्रमण खर्च( सवारी चालक सहित ५ जना सम्मलाई अधिकतम ५ दिन ) | भ्रमण खर्च नियावली, २०६४ अनुसार |
| ५. | व्यवस्थापन खर्च (व्यानर, चिया, खाजा, स्टेशनरी आदी ) एकमुष्ठ | खर्च इस्टिमेट अनुसार |
| ६. | ६० प्रतिशत अनुदानमा कृषि चुन खरिद, ढुवानी तथा वितरण( अधिकतम रकम) | उपलब्ध बजेट परिधि भित्र मागमा आधारित |
| ७. | विविध | |

(ख) किटबक्सबाट माटो परिक्षण शिविर संचालन :

| क.सं. | विवरण | जम्मा |
|---|---|---|
| १. | रि-एजेन्ट(माटो परिक्षण केमिकल्स) सेट एक | खर्च इस्टिमेट अनुसार |
| २. | प्रतिवेदन तयार | खर्च इस्टिमेट अनुसार |
| ३. | प्राविधिक दैनिक भ्रमण खर्च (३ जना सम्मलाई ) | भ्रमण खर्च नियामावली, २०६४ अनुसार |
| ४. | व्यवस्थापन खर्च (व्यानर, चिया, खाजा, स्टेशनरी आदि) एकमुष्ट | खर्च इस्टिमेट अनुसार |

## परिच्छेद -३

## आर्थिक, प्रशासन, अनुगमन तथा विविध

**(९) अनुगमन तथा मूल्यांकन :**

क. कृषि विकास शाखाले सम्बन्धित वडा कार्यालयको समन्वयमा यस कार्यविधि अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

**(१०) प्रगति प्रतिवेदन पठाउनु पर्ने :**

क) कार्यक्रमको प्रगति प्रतिवेदन कृषि विकास शाखाले कार्यक्रम सम्पन्न भएपछि कार्यालयमा बुझाउनुपर्नेछ ।

ख) कृषि विकास शाखाले कार्यक्रमको प्रतिवेदन माटो तथा मल परिक्षण प्रयोगशालासँगको समन्वयमा गरेको भए माटो तथा मल परिक्षण प्रयोगशालालाई पनि बुझाउनुपर्नेछ ।

**(११) व्याख्या गर्ने अधिकार :**

१) यस कार्यविधिमा कुनै द्विविधा भएमा कार्यपालिकाले व्याख्या गरी बाधा अड्कन फुकाउन सकिनेछ ।

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत